उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

प.स.२०८३/०८४

च.नं.

लहरेपौवा, रसुवा

वागमती प्रदेश, नेपाल

शिक्षक बैंक प्रयोजनार्थ प्राथमिक तह, राहत तथा करार शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी

सूचना । सूचना । सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३।०७।१६ गते)

शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३।०४।०६ गतेको माननीय मन्त्रीस्तरीय निर्णयवाट स्वीकृत कार्यक्रम कार्यक्रम कार्यविधिको क्रियाकलाप नम्वर २.७.१३.३११ को क्रमसङ्ख्या ३४ कार्यान्वयन गर्न, उत्तरगया गाउँकार्यपालिकाको मिति २०८३।०६।१४ को वैठकवाट स्वीकृत स्थानीय कार्यक्रम कार्यान्वयन कार्यविधिको वुँदा नम्वर ५ कार्यान्वयन गर्न तथा उत्तरगया गाउँपालिकाभित्रका सामुदायिक आधारभूत विद्यालय (कक्षा १-५) मा शिक्षक दरवन्दी रिक्त भएको अवस्थामा विद्यालयले विज्ञापन गरी शिक्षक पदपूर्ति गर्दा समय लाग्न सक्ने भएकोले लामो समय शिक्षक रिक्तताको अवस्था सिर्जना हुन नदिन शिक्षक सेवा आयोगको करार सूचीवाट सिफारिस उम्मेदवार उपलब्ध नभएको अवस्थामा र स्थायी शिक्षक पदपूर्ति नभएसम्मको लागि खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा शिक्षक वैंक निर्माण गरी सोही वैंकवाट योग्यता क्रमको आधारमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिलाई करार शिक्षक नियुक्तिको लागि सिफारिस गर्ने प्रयोजनको लागि तपसिल वमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रीतपूर्वक दरखास्त पेस गर्नुहुन उत्तरगया गाउँ शिक्षा समितिको मिति २०८३।०७।१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. विज्ञापन नम्वरः ०१/२०८३।०८४

२. परीक्षाको किसिमः क) लिखित परीक्षा (सामान्य र विषयगत) ख) अन्तर्वार्ता

३. परीक्षा मिति र केन्द्रः पछि प्रकाशन गरिनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः सूचना जारी भएको मितिले एक महिनाभित्र।

५. उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

६. दरखास्त दस्तुर वुझाउने विधिः उत्तरगया गाउँपालिकाको आन्तरिक राजस्व खाता नम्वर (हिमालयन वैंङ लिमिटेड) १२००७७४१२८००७८ मा दाखिला गरी सक्कलै भौचर पेस गर्नुपर्नेछ ।

१८।८३।७।१६

बोधराज पाठक
वरिष्ठ विद्यालय निरीक्षक
आठौं तह

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

प.स.२०८३/०८४

च.नं.

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

७. आवश्यक न्यूनतम शैक्षिक योग्यताः क) नेपाली नागरिक ख) शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको। घ) कुनै पनि तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

८. संलग्न गर्नुपर्ने कागजातहरुः उम्मेदवारको निवेदन, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, हालसालै खिचेको फोटो, न्यूनतम शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको प्रतिलिपी ।

९. उल्लेखित विवरण एवम कागजात झुट्टा ठहरिएमा वा तोकिएको कागजात पेस नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ । विज्ञापन सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

२०८३/०८/१६
बाधराज पाठक
वरिष्ठ विद्यालय निरीक्षक
जाठौं तह

२०८३/०८/१६
तिलकराम पाखरेल
प्रमुख प्रशासकीय अधिकृत